# नेपाल सरकारको वार्ता टोली र अखिल तराइ मुक्ति मोर्चा (जयकृष्ण गोईत समूह) बीच भएको सहमति

मिति २०६८ माघ ७ गते भएको सहमति

१. अखिल तराई मुक्ति मोर्चा (जयकृष्ण गोईत समूह) शान्ति र संविधानप्रति प्रतिवद्धता व्यक्त गर्दै शान्तिपूर्ण राजनीतिमा आउने प्रतिवद्धता व्यक्त गर्दछ र नेपाल सरकारबाट पनि मोर्चालाई राजनीतिक व्यवहार गरिने छ ।

२. वार्ता अवधिभर मोर्चाका वार्ता टोली संयोजक एवं सदस्यहरुलाई नेपाल सरकारद्वारा सुरक्षाको प्रत्याभूति गराउने प्रतिवद्धता व्यक्त गरियो ।

३. मोर्चासंग भएका सम्पूर्ण हातहतियार आपसी सहमतिमा तय गरिने अर्को वार्तामा मोर्चाले नेपाल सरकारलाई हस्तान्तरण गर्ने सहमति गरियो ।

४. जेल तथा हिरासतमा रहेका मोर्चाका नेता तथा कार्यकर्ताहरुको नाम नामेसी सहितको विवरण अर्को वार्तामा पेश गर्ने र प्राप्त विवरण बमोजिम नियमानुसार मुद्दा फिर्ता र वन्दी/थुनुवा रिहाई सम्वन्धी प्रक्रिया नेपाल सरकारबाट यथाशीघ्र आरम्भ गर्ने सहमति गरियो ।

५. अव उप्रान्त कानूनद्वारा निषेध गरिएका कुनै पनि सशस्त्र गतिविधिहरु नगर्ने प्रतिवद्धता मोर्चाबाट व्यक्त गरियो । कहिंकतै त्यस्तो गतिविधि भएमा सो को जिम्मेवारी मोर्चाले नलिने र त्यस्तो गतिविधिउपर नेपाल सरकारले प्रचलित कानून वमोजिम कारवाही गर्ने सहमति गरियो ।

६. दुवै पक्षको अनुकूलतामा मिति र स्थान तय गरी यथाशीघ्र अर्को वार्ता गर्ने सहमति व्यक्त गरियो ।

**अखिल तराई मुक्ति मोर्चा (जयकृष्ण गोईत समूह)को तर्फबाट वार्ता टोली**

संयोजक अजित सिंह (अजयकुमार यादव)

सदस्य सुल्तान सिंह (महेन्द्र मुखिया)

सदस्य देवराज (सर्वन कामत)

**नेपाल सरकारको तर्फबाट**

सत्य पहाडी
संयोजक
सरकारी वार्ता समिति एवं
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

राजलाल यादव
सदस्य
सरकारी वार्ता समिति एवं
मन्त्री, नेपाल सरकार

भीमराज चौधरी राजवंशी
सदस्य
सरकारी वार्ता समिति एवं
राज्यमन्त्री, गृह मन्त्रालय

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com